आज मिति २०७५/०८/२९ गते बुद्धभूमी नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमी नगरपालिकाका नगरप्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारीसदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थितिमा देहायका प्रस्ताव माथि छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | प्रमुख | बुद्धभूमी न.पा. १ | |
| २ | श्री मिरा थारु | उपप्रमुख | बुद्धभूमी न.पा. २ | |
| ३ | श्री मेघनाथ पाध्या | प्रमुख प्र. अधिकृत | बुद्धभूमी न.पा. | |
| ४ | श्री तेजबहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १ | |
| ५ | श्री भेषराज शर्मा | वडा अध्यक्ष | बुद्धभूमी न.पा. २ | |
| ६ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ३ | |
| ७ | श्री पवन कुमार थारु | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ४ | |
| ८ | श्री वेचन प्रसाद यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ५ | |
| ९ | श्री नन्दलाल यादव | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ६ | |
| १० | श्री राजेश्वर सिंह | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ७ | |
| ११ | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ८ | कपिलदेवतिवारी |
| १२ | श्री खुमानन्द न्यौपाने | वडा अध्यक्ष | बुद्धभूमी न.पा. ९ | |
| १३ | श्री त्रिलोकी खरविन्द | वडा अध्यक्ष | बुद्धभूमी न.पा. १० | |
| १४ | श्री कमला चौधरी | महिला सदस्य | बुद्धभूमी न.पा. १ | |
| १५ | श्री खिमकला पाण्डे | महिला सदस्य | बुद्धभूमी न.पा. ४ | |
| १६ | श्री प्रभावती लोहार | महिला सदस्य | बुद्धभूमी न.पा. ७ | प्रभावती |
| १७ | श्री विमला देवी कुर्मी | महिला सदस्य | बुद्धभूमी न.पा. ८ | बिमला |
| १८ | श्री सरस्वती कुवंर | महिला सदस्य | बुद्धभूमी न.पा. ५ | |
| १९ | श्री फागु प्रसाद धोवी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ५ | |
| २० | श्री राम मनोरथ लोहार | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. ६ | |
| २१ | श्री रामदेव पासी | दलित वा अल्प. स. | बुद्धभूमी न.पा. २ | |

Scanned by CamScanner

मिति:२०७५।०८।२९ गते कार्यपालिकाको बैठकका निर्णयहरु:-

१. **अपाङ्ग भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी कार्यविधी-२०७५ सम्बन्धमा।**

**निर्णय:** यस नगरक्षेत्रभित्र रहेका विभिन्न समूहका अपाङ्गहरुको न्यायोचित रुपमा परिचयपत्र वितरण गर्नको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत नमूना कार्यविधी बमोजिम तयार भएको अपाङ्ग भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी कार्यविधी-२०७५ सर्वसम्मत पास गर्ने निर्णय गरियो।

२. **आर्थिक सहायता सम्बन्धी नमूना कार्यविधि-२०७५ सम्बन्धमा**

**निर्णय:** यस नगरपालिकाबाट विभिन्न क्षेत्रमा आर्थिक सहायता हुने सहयोग रकमको विधिसम्मत र न्यायोचित रुपममा वितरण गर्नुपर्ने भएकोले मिति:२०७५।०७।०७ को कार्यपालिकाको निर्णय वमोजिम तयार भएको आर्थिक सहायता सम्बन्धी नमूना कार्यविधि-२०७५ मा व्यक्ति तथा संस्था समेत समेट्ने गरी पूर्णरुपमा तयार गर्न विधेक समितिलाई आगामी कार्यपालिकाको वैठकमा पेश हुने गरि जिम्मेवारी दिने निर्णय गरियो।

३. **विपद् जोखिम कोष/कार्ययोजना निर्माण तथा सामाग्री व्यवस्थापन सम्बन्धमा**

**निर्णय:** विभिन्न समयमा हुनसक्ने दैवि प्रकोपको क्षेती न्यूनिकरण गर्ने उद्देश्यका साथ नगरपालिकाको विपद् जोखिम कार्ययोजना निर्माण गर्न यस नगरपालिकाको आ.व.०७५।७६ को बार्षिक कार्यक्रमबाट समेत बजेट विपद् पूर्व तयारी, खोज तथा उद्दार राहत सामाग्रीको पूर्व भन्डारण कार्यक्रम समेतमा बजेट विनियोजन भएको र विपद् व्यवस्थापनको लागि आवश्यक पर्ने सामाग्रीहरुको समेत तत्काल विपद्र व्यवस्थापन कोषबाट रू. ५ लाख सम्मको सामाग्री व्यवस्था गर्ने निर्णय गरियो।

४. **योजना कार्यान्वयनको जानकारी सम्बन्धमा:**

**निर्णय:** यस नगरपालिकाको नगरसभावाट भएको निर्णय अनुसार बिनियोजित योजनाहरुको उपभोक्ता समितिको गठन कार्य मंसिर मसान्त भित्र सम्पन्न गर्नुपर्ने मापदण्ड बमोजिम केही वडाहरुमा उपभोक्ता समिति गठन कार्य सम्पन्न भएको र केही वडाहरुमा केही उ.स.हरु गठन गर्न बांकी रहेको कुरा छलफलबाट जानकारी भयो र सो उपभोक्ता समिति गठन गर्न बांकी रहेका सबै वडाहरुले पुस १५ गते भित्र गठन गरी नगरपालिकालाई जानकारी गराउने गरि व्यवस्था हुन निर्णय गरियो।

५. **लक्षित बर्गका कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धमा:**

**निर्णय:** चालु आ.व.०७५।७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार रहेका लक्षित बर्गका कार्यक्रमहरुको कार्यान्वयनको लागि पुष पहिलो हप्ताभित्रै सामाजिक बिकास समितिको बैठक बसी कार्यालयको कर्मचारीहरुबाट गर्न सकिने र नसकिने कार्यक्रमहरुको संघ संस्था हायर गरेर संचालन गर्नुपर्ने कार्यक्रमहरुको लागि छिटो छरितो सूचना प्रवाह गरी कार्यान्वयनमा जाने र सो को लागि सम्बन्धीत शाखा समेतले कार्यान्वयनको पहलगर्ने निर्णय गरियो।

६. **लागत सहभागिताका योजनाहरुको सम्बन्धमा:**

**निर्णय:** यस नगरपालिकाले आ.व. २०७५।७६ मा तेस्रो नगर सभाबांट लागत सहभागिता अर्न्तगत ५०/५०, ६०/४०, ७०/३० कार्यक्रम अर्न्तगत योजना तथा कार्यक्रम पेश गर्न भनि वडामा पत्राचार भई सकेकोमा केही

मेघनाथ पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner

वडाबाट मात्र योजनाहरू पेश मात्र भएकोले पेश नगरेका वडाहरूले पुस ७ गते भित्र योजनाहरू संकलन गरी नगरपालिकामा पठाउने र ती सबै योजनाहरू संकलन पश्चात अगामी बैठकबाट निर्णय गर्ने निर्णय गरियो।

७. **नगर प्रोफाईल सम्बन्धमाः**

**निर्णयः** यस नगरपालिकाबाट निर्माण गर्न लागिएको नगर प्रोफाईलको काम अन्तिम अन्तिम चरणमा पुगेकोले सम्पूर्ण वडाबाट प्राप्त भएको तथ्याङकहरूको सम्बन्धमा व्यापक छलफल हुँदा केही कमी कमजोरी, थप, घट, छुट, पुट भएकोले त्यस्ता तथ्याङकहरू समेत सम्बोधन हुने गरी १/१ प्रति प्रत्येक वडाहरुमा पठाउने र त्यस्ता तथ्याङकहरू वडाद्वारा सम्पन्न गर्ने गराउने निर्णय गरियो।

८. **एम्बुलेन्स कर छुट प्राप्त भएको जानकारी।**

**निर्णयः** यस नगरपालिकाले विरामीहरूको सुविधाका लागि यस बर्ष एम्बुलेन्स खरिद गर्ने कार्यक्रम रहेकोले कर छुटका लागि गरिएको प्रयासले एम्बुलेन्स खरिदमा कर छुट भएको जानकारी प्राप्त भएकाले एम्बुलेन्स खरिद प्रकृया लाई अगाडी बढाउने निर्णय गरियो।

९. **सुरक्षित अवास कार्यक्रमको तयारी सम्बन्धमा।**

**निर्णयः** यस नगरपालिकाको आ.व. २०७५/७६ मा स्वीकृत सुरक्षित आवास कार्यक्रमका लागि सम्पूर्ण वडाहरूले पुषको पहिलो हप्ता भित्र अति विपन्न परिवारको तथ्याङ नगरपालिकामा पठाउने भनी निर्णय गरियो।

१०.**समायोजन अध्यादेश स्थानीय तहका कर्मचारी**

**निर्णयः** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी कर्मचारी समायोजन विधेयक २०७५ अनुसार कर्मचारी समयोजनका लागि स्थानीय तहका स्थायी कर्मचारीहरूलाई तोकिएको समयावधि भित्र समायोजन गरी नियुक्ति दिने निर्णय गरियो।

११.**CLC को अनुमति (सामुदायिक अध्ययन केन्द्र)**

**निर्णयः** यस नगरपालिका अर्न्तगतका विभिनन कृयाकलापहरू गर्दै आइरहेको सामुदायिक अध्ययन केन्द्र (CLC) लाई शैक्षिक कृयाकलाप आयमुलक कार्यक्रम र सीपमुलक तालिम जस्ता कार्यक्रम संचालन गर्ने आ.व. २०७५।७६ को लागि तपसिलका सामुदायिक अध्ययन केन्द्रलाई नविकरण गर्ने निर्णय गरियो।

१. राजपुर सामुदायिक अध्ययन केन्द्र, बुद्धभूमी न.पा. ५, चैरी

२. भृकुटी सामुदायिक अध्ययन केन्द्र, बुद्धभूमी न.पा. ४, बुडढी

३. महुवा सामुदायिक अध्ययन केन्द्र, बुद्धभूमी न.पा. ६, महुवा

१२. **सडक बोर्डको योजना सम्बन्धमा।**

**निर्णयः** यस नगरपालिकाकालाई आ.व. २०७५/७६ मा सडक बोर्डबाट प्राप्त हुने रकम र नगरपालिकाबाट विनियोजित रकम बाट योजनाहरू छनोट अगामी बैठकबाट गर्ने भनी निर्णय गरियो।

१३.**शैक्षिक भ्रमण अपुग रकम सम्बन्धमा।**

**निर्णयः** यस नगरपालिका अर्न्तगतका प्रत्येक विद्यालयका प्रधानाध्यापकहरूको शैक्षिक भ्रमणमा भएको खर्च रू. १,५९,०००।- (अक्षरूपी एकलाख उन्साठी हजार) विनियाजित बजेट भन्दा रू. १,००,०००।-

मेघनाथ पाध्या
प्रमुख प्रशासकिय अधिकृत
(सचिव)

Scanned by CamScanner

(अक्षरूपी एक लाख मात्र) बढी खर्च भएकोले उक्त रकम दैनिक भ्रमण खर्च बाट व्यहोर्ने गरी भुक्तानी दिने निर्णय गरियो।

**१४.आन्तरिक लेखा परीक्षण सम्बन्धमा।**

**निर्णय:** यस बुद्धभूमी नगरपालिका कार्यालयको आ.व. २०७५/७६ को आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण को.ले.नि.का. बाट चौमासिक रूपबाट गर्न/ गराउनका लागि निर्णय गरियो।

**१५. विविध सम्बन्धमा।**

१. वडा नं. १० धनकौलीका पंचम पासीको गोठमा आगलागी भएकोले विपत् व्यवस्थापन शीर्षकबाट रू. ३०००।- उपलब्ध गराउने निर्णय गरियो।

२. वाणगंगा न.पा. १ का ओम प्रसाद पौडेलको टाउँको तथा आँखाको अप्रेसन भएकोले अर्थिक सहायता शिर्षकबाट रू. ५०००।- उपलब्ध गराउने निर्णय गरियो।

३. वडा नं. ८ हरिहरपुरका विपत बरईको खराईको धानमा आगलागी भई नष्ट भएकोले विपत् व्यवस्थापन शीर्षकबाट रू. १००००।- उपलब्ध गराउने निर्णय गरियो।

४. वडा नं. ६ बैरिहवा महुवाका मोल्हु प्रसाद पासीको गोठमा आगलागी भएकोले विपत् व्यवस्थापन शीर्षकबाट रू. ३०००।- उपलब्ध गराउने निर्णय गरियो।

५. वडा नं. ५ का शरीफ मो. मुसलमान अपसना खातुनको मुटुको अप्रेसन भएकोले आर्थिक सहायता शीर्षकबाट रू. ५०००।- उपलब्ध गराउने निर्णय गरियो।

६. वडा नं. ५ का रामबहादुर खडक क्षेत्रीको दाहा संस्कार तथा काजक्रिया गर्नका लागि आर्थिक सहायता शीर्षकबाट रू. ५०००।- उपलब्ध गराउने निर्णय गरियो।

७. वडा नं. ९ का भगवती थारूको मृगौला सम्बन्धी रोगको उपचारको लागि आर्थिक सहायता शीर्षकबाट रू. ५०००।- उपलब्ध गराउने निर्णय गरियो।

८. वडा नं. २ गोरूसिगें अर्घाखाँची चोकमा रहेको सार्वजनिक शौचालय व्यवस्थापनमा भएको खर्च रू. ३५,६०५।- फोहोरमैला व्यवस्थापनको शीर्षक नं. २ बाट भुक्तानी दिने निर्णय गरियो।

९. रामघाट मेला व्यवस्थापनमा भएको खर्च रू. ८४००।- आर्थिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

१०. वडा नं. ७ का हालिम दर्जीलाई आर्थिक सहायता शीर्षकबाट रू. ५०००।- उपलब्ध गराउने निर्णय गरियो।

११. बुद्धभूमी ८ चरिगावा मेला व्यवस्थापनका लागि रामचन्द्र यादवलाई आर्थिक सहायता शीर्षकबाट रू. ५०००। उपलब्ध गराउने निर्णय गरियो।

१२. वडा न. १ का मान बहादुर पाण्डेलाई दम र मुटु रोग उपचारका लागि आर्थिक सहायता शीर्षकबाट रू. ५०००। उपलब्ध गराउने निर्णय गरियो।

मेघनाथ पाख्या
प्रमुख प्रशासकिय अधि
(उपसचिव)

Scanned by CamScanner

१३. जनप्रतिनिधिहरू कर्मचारीहरूको [illegible]चार खर्चका लागि निवेदन पर्न आएमा नगर प्रमुखको तोकआदेशबाट प्रमुख प्रशासकीय अधिकृतले भुक्तानी दिनका लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत ज्यूलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

१४. यस नगरपालिकामा दोस्रो बुद्धभूमी कृषि व्यापारिक सांस्कृतिक पर्यटन तथा औद्योगिक प्रर्दशनी २०७५ सञ्चालन गर्नका लागि उद्योग वाणिज्य संघ , व्यापार संघ, युथ एलायनस फर चेन्ज वडा नं. ४, जन आर्दश सामाजिक केन्द्र इमिलिया, अन्य समाजसेवीहरू र नगरपालिकाको संयुक्त बैठक पुस महिनाको पहिलो हप्ता भित्र बसी व्यापक छलफल गरी निष्कर्षमा पुग्ने निर्णय गरियो ।

१५. बुद्धभूमी नगरपालिकाका सबै वडाहरूमा रहेका ऐलानी र सार्वजनिक जग्गाहरूको वडा कार्यालय द्वारा अभिलेखीकरण गरी नगरपालिकामा पठाउने भनी निर्णय गरियो ।

१६. IEEप्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा:

निर्णय: यस नगरपालिका अन्तर्गतका खोला तथा नदीहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टि, बालुवा लगाएत संकलन गर्नको लागि गरिएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदनहरु स्वीकृत गर्ने र सबै ७ वटै खोलाहरुको ३/३ प्रति गरि २१ प्रति प्रमाणितको लागि जिल्ला समन्वय समितिमा पठाउने र संकलन हुन सक्ने नदीजन्य पदार्थहरुको ठेक्का प्रक्रिया अगाडी बढाउन कार्ययोजना समेत तयार गर्ने निर्णय गरियो ।

Scanned by CamScanner